मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः
चलानी नं.: १६११

मिति २०८१/०१/३०

श्री वडा कार्यालय सबै ।
मायादेवी गाउँपलिका बरेवा, रुपन्देही ।

विषयः Biometric Verification सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३८५ मितिः २०८१।०१।२४ को पत्रानुसार चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

देहायः

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्बर प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।
२. राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्बर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा http://citizenportal.donidcr.gov.np/Citizen Portal/ लिङ्कमार्फत नम्बर प्राप्त गर्न सहजिकरण गर्ने गराउनुहुन ।
३. सबै वडाहरुले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र रहे नरहेको विवरण तयार पर्ने । तथा केही समस्या भएको खण्डमा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्ने ।

नोटः
यसै पत्र साथ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले पठाएको पत्र समाबेस गरिएको छ ।

..............................
(कृष्ण प्रसाद ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८५

सिंहदरबार,
काठमाडौं, नेपाल

सामाजिक सुरक्षा शाखा

मिति : २०८१/०१/२४
ने.सं. ११४४ चौलागा १३

श्री स्थानीय तहहरु सबै (७५३),
श्री वडा कार्यालयहरु सबै (६७४३)।

**बिषय:- Biometric Verification अनिवार्य गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विभागको मिति २०८१/०१/१७ को निर्णयानुसार संलग्न बमोजिमका स्थानीय तहमा चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहायका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

देहाय:

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्बर प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।

२.राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्बर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईबाट http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्कमार्फत नम्बर प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउनुहुन।

३.दोस्रो चरण मिति २०८१/१०/०१ गते देखि Biometric Verification अनिवार्य गरिएका स्थानीय तहले विभागले उपलब्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device व्यवस्थापन गर्नुहुन।

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय सबै – सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

श्री इलाका प्रशासन कार्यालय सम्बन्धित सबै - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

दर्ता नं. ३०९६
२०८१/१/२५

(जुना खड्का खत्री)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np